काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२५ ❐ सोमवार, २२ भदौ, २०८३ ❐ Monday, 7 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

हिमपहिरो खसेर बनेको तालको पानी रित्तियो



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २१ भदौ

नेपालको उत्तरी सीमा क्षेत्रनजिकै दक्षिणपश्चिम चीनको सिचाङ (तिब्बत) स्वायत्त क्षेत्रस्थित पहिरो प्रभावित ग्यिरोङ (केरूङ) बन्दरगाहको मुख्य क्षेत्रमा बनेको अस्थायी तालको पानी करिब सबै बाहिरिएको छ।

ठूलो हिम पहिरोपछि बनेको तालको पानी अब करिब सबै बाहिरिएको हो । १० वटाभन्दा धेरै फुटबल मैदानभन्दा ठूलो तालको पानि बाहिरिएसँगै नदीको बहावसमेत सामान्य अवस्थामा फर्किएको छ। अब त्यसबाट उत्पन्न जोखिम धेरै हदसम्म हटेको तिब्बतस्थित क्षेत्रीय आपत्कालीन व्यवस्थापन विभागले जनाएको छ।

विभागलाई उद्धृत गर्दै सिन्हवाले जनाएअनुसार पहिरोका कारण नदी थुनिएर बनेको उक्त तालको पानी पूर्ण रूपमा निकास भएर बगिसकेको छ।

पानी निकासँगै नदीको प्राकृतिक बहाव पुनः सामान्य अवस्थामा फर्किएको छ। अब सम्भावित जोखिम नियन्त्रणमा आएको पनि सिन्हवाले जनाएको छ।

शनिबार (सेप्टेम्बर ५) मा सिन्हवाले खिचेका हवाई तस्बिरमा केरुङ बन्दरगाहको मुख्य क्षेत्रमाथि यसअघि अवरोधजन्य ताल बनेको स्थान अहिले पानीविहीन भएर रित्तिएको देखिएको छ।

रसुवा बाढीमा कर्णालीका नागरिक:

कतै आफन्तको पर्खाइ, कतै कुशको शव बनाएर अन्त्येष्टि

❐ चाँदनी कठायत

सुर्खेत, २१ भदौ

एउटा बुवा जसलाई आफ्नो सन्तानको अवस्थाबारे केही थाहा नहुनु कति पीडादायी होला ? भोटेकोशी बाढी आएको थाहा पाउनासाथ छोराको पीरले विक्षिप्त बनेका जाजरकोटको शिवालय गाउँपालिकाका अध्यक्ष शेरबहादुर शाही त्यही पीडा बोकेर छोराको खोजीमा नुवाकोट पुगे। बाढी आएको भोलिपल्टै उनी छोरा महेन्द्रविक्रम शाहीको खोजी गर्दै नुवाकोट पुगेका थिए।

शिवालय गाउँपालिका-२ जाजरकोटका ३० वर्षीय महेन्द्रविक्रम शाही माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनाको पावर हाउसमा मेकानिकल इन्जिनियरका रुपमा कार्यरत थिए। भोटेकोशीमा आएको बाढीपछि उनी सम्पर्कविहीन भए। परियोजनाको सुरुङभित्र उनी फसेको हुन सक्ने खबर पाएपछि उनका बुवा शेरबहादुर आफैं घटनास्थल पुगेका थिए। तर, नौ दिनसम्म खोज्दा पनि छोराको न त लास भेटियो, न त सासको खबर नै आयो।

नौ दिनसम्म छोराको खोजीमा भौंतारिएका शेरबहादुर अन्ततः गह्रौं मन लिएर काठमाडौं फर्किए। शव पहिचानका लागि उनले डीएनए परीक्षणका लागि नमुना दिए र शनीबार जाजरकोट फर्किए। छोराको अवस्था अझै अज्ञात छ। तर उनी अँझै पनि छोरा फर्किएर आउने आशमा छन्।

महेन्द्रजस्तै भोटेकोशी बाढीले कर्णालीका धेरै परिवारलाई पीडादायी प्रतीक्षामा राखेको छ। कर्णाली प्रदेश प्रहरीको पछिल्लो बाँकी पृष्ठ ४



सुरुङभित्रको आशा र राज्यको उद्धार क्षमता

भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले पुऱ्याएको क्षति केवल भौतिक संरचनाको विनाशमा सीमित छैन, यसले दर्जनौं परिवारलाई आफ्ना आफन्तको अवस्थाबारे अनिश्चितताको पीडामा राखेको छ। बाढी आएको एघारौं दिनसम्म पनि रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनामा कार्यरत सयौं कर्मचारी तथा श्रमिक सम्पर्कविहीन हुनु गम्भीर मानवीय संकट हो। सुरुङ, भूमिगत विद्युत्गृह र पहुँचमार्गमा थुप्रिएको लेदो, ढुंगा र पानीका कारण खोजी कठिन बने पनि राज्यका सबै संयन्त्रले उद्धारलाई पहिलो प्राथमिकतामा राख्न आवश्यक छ।

यस्तो निराशाबीच माथिल्लो त्रिशूली-३ 'ए' को सुरुङबाट १० दिनपछि दुई कर्मचारी जीवितै उद्धार हुनु आशाको असाधारण घटना हो। यसले कठिनभन्दा कठिन परिस्थितिमा पनि खोजी कार्यलाई निरन्तरता दिनुपर्ने सन्देश दिएको छ। सुरुङभित्र मानिस जीवित हुन सक्ने सम्भावना रहुन्जेल उद्धार टोलीले प्रयास रोक्नु हुँदैन। प्रविधि, दक्ष जनशक्ति, विशेषज्ञ टोली, ड्रोन, क्यामरा तथा तालिमप्राप्त उद्धार जनशक्तिको अधिकतम प्रयोग आवश्यक छ। तर यस घटनाले हाम्रो विपद् व्यवस्थापन प्रणालीका कमजोरीसमेत उजागर गरेको छ। जलविद्युत् आयोजनाजस्ता संवेदनशील संरचनामा आपत्कालीन उद्धारका लागि पर्याप्त पूर्वतयारी, सुरक्षित पहुँचमार्ग, वैकल्पिक निकास, सञ्चार प्रणाली र जोखिम मूल्यांकन कत्तिको प्रभावकारी छन् भन्ने प्रश्न उठेको छ।

आयोजना निर्माणमा लगानी र उत्पादन क्षमतासँगै श्रमिकको सुरक्षा र विपद्को समयमा उद्धार गर्ने क्षमता पनि अनिवार्य मापदण्ड बन्नुपर्छ। सम्पर्कविहीन श्रमिकका परिवार अहिले प्रत्येक सूचनालाई आशाको नजरले हेरिरहेका छन्। उनीहरूको पीडा केवल तथ्यांक होइन, राज्यप्रतिको भरोसाको परीक्षा पनि हो। त्यसैले उद्धार कार्यमा ढिलाइ वा समन्वयको अभाव स्वीकार्य हुन सक्दैन। बाढीले ध्वस्त बनाएका संरचना पुनर्निर्माण गर्न सकिन्छ, तर गुमेको जीवन फर्काउन सकिँदैन। त्यसैले अहिलेको मुख्य प्राथमिकता हराइरहेका प्रत्येक नागरिकको खोजी, सम्भावित जीवितको उद्धार र प्रभावित परिवारलाई निरन्तर सूचना दिनु हुनुपर्छ। साथै, यस विपद्बाट पाठ सिक्दै जलविद्युत् आयोजना र नदी किनारका संवेदनशील क्षेत्रमा दीर्घकालीन सुरक्षा तथा आपत्कालीन उद्धार प्रणालीलाई अझ मजबुत बनाउनु राज्यको अनिवार्य जिम्मेवारी हो।

कुशको शव बनाएर अन्त्येष्टि

बाढीमा बेपत्ता भएका आफन्तको शवसमेत नभेटिएपछि कतिपय परिवारले फर्किने आश मारेर बाध्य हुँदै सांकेतिक रुपमा कुशको शव बनाएर अन्त्येष्टि गरेका छन्। जुम्लाकी ललितादेवी कुमाई र उनकी करिब एक वर्षीया छोरी बरालिता सेजुवालको शव नभेटिएपछि श्रीमान् वर्दन सेजुवालले काठमाडौंमा कुशको शव बनाएर अन्त्येष्टि गरेका थिए। सल्यानको बागचौर नगरपालिका-८ की ३८ वर्षीया प्रमिला बुढाथोकी बस्नेत पनि भोटेकोशी बाढीमा बेपत्ता भएपछि परिवारले १० दिनसम्म खोजी गऱ्यो। शव नभेटिएपछि उनका दुई छोराले कुशको शवमा दागबत्ती दिए। उनका श्रीमान् गोविन्द बस्नेतको यसअघि नै कोरोना संक्रमणका कारण मृत्यु भइसकेको थियो। शव नभेटिएपनि आफन्तहरुले मृत्यु स्वीकार्न नसकेको अवस्था छ।

कतैबाट 'भेटियो' भन्ने खबर आउला कि भन्ने आशा अझै धेरै परिवारमा बाँकी छ। यही आशा र पीडाबीच बेपत्ताका आफन्तहरु कहिले खोजीस्थलतिर हेर्छन्, कहिले फोन बज्ला कि भनेर मोबाइलतिर। बाढी आएको १० र ११ दिनमा पनि केही व्यक्तिको जिवितै उद्धार भएको देखेपछि केही आफन्तको मनमा फर्किने आश फेरि पलाएको छ। बाढीमा बेपत्ता भएकाहरुको पहिचानका लागि डीएनए परीक्षणको बाँकी पृष्ठ ३

'भट्टारमा पहिरोका कारण उत्पन्न जोखिम कम गर्न आवश्यक पहल गरिने'

❐ काँक्रेविहार संवाददाता

धनगढी, २१ भदौ

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले दार्चुलाको अपिहिमाल गाउँपालिका-१ भट्टारमा पहिरोका कारण उत्पन्न जोखिम कम गर्नका लागि प्रदेश सरकारबाट गर्न सकिने आवश्यक पहल तथा सहयोगमा कमी हुन नदिने बताएका छन्।

भट्टार क्षेत्रमा गएको पहिराका कारण विस्थापित परिवारको राहत तथा पुनर्स्थापनाका साथै पहिरो जाने क्रम नरोकिएकाले जोखिम न्यूनीकरण र आवश्यक सहयोगको माग गर्दै



अपिहिमाल गाउँपालिकाका अध्यक्ष भगतसिंह ठेकरे बोहरा र मार्मा गाउँपालिकाका अध्यक्ष जमनसिंह धामीसहितको टोलीले मुख्यमन्त्री भट्टलाई शनिबार ज्ञापनपत्र बुझाएको थियो ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री भट्टले विपद्का कारण प्रभावित नागरिकलाई राहत उपलब्ध गराउनुका साथै उनीहरूको पुनर्स्थापनाका लागि प्रदेश सरकारबाट आवश्यक पहल गरिने बताए। उनले पहिरोका कारण प्रभावित तथा विस्थापित परिवारको राहत, पुनर्स्थापना र पहिरो रोकथामका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताए।

पहाडमा पनि डेङ्गुका बिरामी

❐ काँक्रेविहार संवाददाता

पाल्पा, २१ भदौ

पाल्पाका अस्पतालहरूमा डेङ्गुबाट सङ्क्रमित बिरामीको संख्या बढ्दै गएको छ। साउन र भदौ महिनामा डेङ्गुबाट सङ्क्रमित बिरामी भर्ना भएर उपचार गर्ने बढेको जिल्लास्थित अस्पतालहरूले जनाएका छन्।

पाल्पामा यो वर्षको दुई महिनामै एक सय ७१ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ।

पछिल्लो दुई महिनाको अवधिमा डेङ्गुबाट सङ्क्रमित हुने बिरामी बढ्दै गएको स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी मधुसुधन भट्टराईले जानकारी दिए। डेङ्गु सङ्क्रमणबाट गम्भीर बिरामी पाल्पाका मिसन अस्पताल, पाल्पा अस्पताल, लुम्बिनी मेडिकल कलेजमा भर्ना भएर उपचाररत रहेको उनको भनाइ छ।



केही वर्षअघिसम्म तराईका जिल्लामा मात्र देखिने डेङ्गु सङक्रमण पछिल्लो समय पाल्पाजस्ता पहाडी जिल्लाहरूमा देखिन थालेको छ।

दश वर्षअघिसम्म तराईमा मात्र देखिने डेङ्गु सार्ने डेङ्गु एडिस (एजिप्टाइ) जातको पोथी लामखुट्टेको प्रभाव पछिल्लो समय पहाडमा देखिएको स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख गौरव ढकालले बताउनुभयो। उहाँले लुम्बिनी प्रदेशमै डेङ्गुका बिरामी सबैभन्दा धेरै पाल्पाको रहेको बताए। डेङ्गुको सङ्क्रमण भएका बिरामी टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने समस्या लिएर अस्पताल आउने गरेका छन्।

डेङ्गु सङ्क्रमित बिरामीलाई भर्ना गरेर उपचार गर्नुपरेको अस्पतालको भनाइ छ। डेङ्गु सङ्क्रमणपछि शरीरमा बिबिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोस हुनेजस्ता लक्षणहरू देखापर्ने स्वास्थ्यकर्मी बताउँछन्।

आन्तरिक रोजगार प्रवर्धन गर्दै बाँकेका स्थानीय तह



❐ काँक्रेविहार संवाददाता

बाँके, २१ भदौ

वैदेशिक रोजगारीको मोह र बेरोजगारीको बाध्यताबीच नेपालका ग्रामीण बस्तीहरू विस्तारै खाली हुँदैछन्। तर बाँकेका स्थानीय तहहरुले भने गाउँमै रोजगारीको सिर्जना गरिरहेका छन्। हिजोसम्म घरमै बेरोजगार बसेका हातहरूले आज आफ्नै वडाका नाली सफा गर्ने, बाटो मर्मत गर्ने र पर्खाल लगाउने जस्ता काम पाएका छन्। खजुरा वडा नम्बर १ की गोरी सुनारको अनुभव यसको एउटा बलियो उदाहरण हो उनले भने, "काम नगरेरै बेरोजगार बसेको बेला रोजगार दिनुभयो हामीलाई। बेरोजगार भएर हामी घरमा बसिरहेका थियौं। आफ्नै गाउँठाउँमा, आफ्नै घरमा बसेर, घरकै खाएर काम गरियो। बाहिर जानु परेन, त्यही नै खुसी लाग्यो।"

गोरी सुनार जस्तै धेरै स्थानीय बासिन्दाहरू अहिले 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' बाँकी पृष्ठ २

सम्पादकीय

विकासको गति कहिले तीव्र होला ?

वीरेन्द्रनगरको मंगलगढी चोकमा निर्माण भइरहेको कर्णालीकै पहिलो आकाशे पुललाई प्रदेश राजधानीको यातायात व्यवस्थापन र पैदल यात्रुको सुरक्षाका दृष्टिले महत्वपूर्ण आयोजनाका रूपमा हेरिएको छ । बढ्दो सवारी चापका कारण व्यस्त बन्दै गएको मंगलगढीमा पैदल यात्रुलाई सुरक्षित रूपमा सडक वारपार गराउन निर्माण थालिएको यो संरचना आवश्यकताका हिसाबले स्वागतयोग्य छ । तर झण्डै एक करोड रूपैयाँ खर्च हुने आयोजनाको निर्माण गति भने प्रश्न उठाउने अवस्थामा पुगेको छ । सम्झौताअनुसार पुल निर्माणको काम २०८३ जेठ मसान्तभित्रै सकिनुपर्ने थियो । निर्धारित समयमै काम सम्पन्न हुन नसकेपछि असार मसान्तसम्म म्याद थपियो । असारमा पनि काम पूरा भएन र अहिले फेरि असोज मसान्तसम्मको म्याद दिइएको छ । मध्य भदौसम्म भौतिक प्रगति करिब ७० प्रतिशत मात्रै पुगेको अवस्थामा दसैँअघि निर्माण सम्पन्न गर्ने निर्माण कम्पनीको दाबीलाई अब व्यवहारमै प्रमाणित गर्नुपर्ने चुनौती छ ।

निर्माण ढिलाइका कारणका रूपमा भुक्तानी समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि, सामग्री आपूर्ति तथा ढुवानीमा आएको समस्या र वर्षालाई देखाइएको छ । यीमध्ये केही कारण व्यावहारिक हुन सक्छन् । तर आयोजना सम्झौता गर्दा यस्ता सम्भावित जोखिमको पूर्वआकलन गरिएको हुनुपर्ने हो । सार्वजनिक रकम खर्च हुने आयोजनामा पटक-पटक म्याद थप्ने प्रवृत्ति सामान्य बन्नु सुशासनका दृष्टिले राम्रो संकेत होइन । अझ महत्वपूर्ण प्रश्न निर्माणको गुणस्तर र लागतसँग जोडिन्छ । भौतिक प्रगति ७० प्रतिशत पुगे पनि आर्थिक प्रगति करिब ५० प्रतिशत रहेको बताइएको छ । यसले आयोजना तुलनात्मक रूपमा नियन्त्रणमै रहेको संकेत गरे पनि बाँकी काम तोकिएको समयमै र गुणस्तरीय रूपमा सम्पन्न हुन्छ कि हुँदैन भन्ने विषयमा नगरपालिकाले निरन्तर निगरानी गर्न आवश्यक छ ।

आकाशे पुल केवल एउटा संरचना होइन, पैदल यात्रुको जीवन सुरक्षासँग जोडिएको पूर्वाधार हो । त्यसैले छिटो सक्ने नाममा गुणस्तरमा सम्झौता गर्नु पनि उचित हुँदैन । निर्माण कम्पनीलाई स्पष्ट कार्यतालिकासहित बाँकी काम अघि बढाउन लगाउँदै नगरपालिकाले नियमित अनुगमन गर्नुपर्छ । वीरेन्द्रनगरमा बसपार्क जाने बाटो, यरीचोक र एयरपोर्ट चोकलगायत अन्य व्यस्त स्थानमा समेत आकाशे पुल निर्माण गर्ने योजना छ । मंगलगढीको अनुभवबाट पाठ सिकेर आगामी आयोजना समयमा सम्पन्न हुने गरी योजना, ठेक्का व्यवस्थापन र अनुगमन प्रणाली बलियो बनाउनुपर्छ । विकासको अर्थ बजेट छुट्याउनु र ठेक्का लगाउनु मात्र होइन, तोकिएको समय, लागत र गुणस्तरभित्र नागरिकले प्रत्यक्ष लाभ पाउने गरी आयोजना सम्पन्न गर्नु हो । मंगलगढीको आकाशे पुल अब थप म्यादको बहाना होइन, तोकिएको समयभित्र काम सक्ने उदाहरण बन्नुपर्छ ।

आन्तरिक...

मार्फत काममा जोडिएका छन् ।

वडा नम्बर २ मा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' मार्फत जाली निर्माण र पर्खाल बनाउने जस्ता कामहरू सफलतापूर्वक सम्पन्न भएको उपभोक्ता समितिका अध्यक्ष बिर्सिङ थापाले बताए ।

"हामीले खजुरा गाउँपालिका २ मा जाली निर्माण र पर्खाल बनाउने कार्यक्रम गर्‍यौं । आफ्नै ठाउँमा काम गर्न पाउँदा धेरै राम्रो लागेको छ । "

'आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम'ले केवल रोजगारी मात्र दिएको छैन, स्थानीय आवश्यकताका पूर्वाधारहरू पनि निर्माण गरिरहेको छ । खानेपानी पाइपलाइन विस्तार, नयाँ ट्वयाक निर्माण, सार्वजनिक शौचालय र नाली सरसफाइ जस्ता कार्यहरूले गाउँको स्वरूप बदल्दैछन् ।

'उपाध्यक्षसँग एकल महिला रोजगार कार्यक्रम' अन्तर्गत २० जना एकल महिलाहरूलाई ३० दिने हाते होजियारी तालिम दिएर स्वरोजगार बनाईएको थियो । श्रमको सम्मान नै विकासको आधार हो भन्ने मान्यताका साथ खजुरा गाउँपालिकाले उत्कृष्ट श्रमिकहरूलाई पुरस्कृत गर्ने परम्पराको पनि थालनी गरेको छ । "पसिना बगाउनेहरूलाई अपहेलना गर्ने प्रचलनलाई कमजोर बनाउन हामीले उहाँहरूलाई पुरस्कृत गरेका छौं ।" खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर वि.क तुफानले बताए ।

'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' मार्फत सन्चालन गरिएका ६ ओटा आयोजनामा राप्तीसोनारी गाउँपालिकाका १ सय ३२ जनाले रोजगारी पाएका छन् । यस्तै बैजनाथ गाउपालिकामा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' मार्फत ४६ जनाले रोजगारी पाएका छन् ।

नरैनापुर गाउपालिकामा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम' मार्फत २० जनाले रोजगारी पाएका छन् । भने, जानकी गाउँपालिकामा ५ जनाले राजगारी पाएका छन् । यहाँका स्थानीय तहले समावेशी विकासलाई पनि उत्तिकै प्राथमिकता दिएका छन् । बाँकेका गाउँपालिकाले गरेको यो प्रयासले आफ्नै पसिनाको मूल्य आफ्नै माटोमा खोज्न बाटो देखाएको छ ।

जसले जीवन दियो, उसैले जीवन खोस्यो



✍ रामहरि कार्की

भदौ १० गते भोटेकोशी उर्लियो । त्यसअघिसम्म नदीमा पानी मात्रै बगिरहेको थिएन, नदीसँगै मानिसको जीवनधारा पनि सहज रूपमा बगिरहेको थियो । नदी छेउ बसेको बस्तीमा मानिसका घरहरू मात्रै थिएनन्, त्यहाँ मानवजीवनको सिङ्गो संस्कृति, रहनसहन र पारि स्थितिकी चलिरहेको थियो । नदी उर्लिने दिन त्यसले नदी छेउका सपना, घर, पसल र बजार मात्रै बगाएन त्यसले मानिसको जीवन पनि सँग-सँगै बगाइदियो ।

बाढी प्रभावित क्षेत्रमा तीन दिन बिताउँदा देखिएका दृश्य सामान्य बाढीका दृश्यजस्ता लागेनन् । नदीको बहावमा पानी र गेग्रान मात्र थिएन, त्यसमा मानिसको मेहनत, वर्षौं-वर्षको स्मृति र इतिहास पनि बगी गयो । बाँकी थिए त जम्मा घरका भग्नावशेष, मानिसको चित्कार र यत्रतत्र फैलिएको त्रासदी ।

कतै आफन्तको प्रतीक्षामा मानिसहरू टोलाइरहेका थिए । कतै राहत बोकेर पुगेकाहरू आफैं स्तब्ध थिए । भोटेकोशीको त्यो बहावलाई एउटा प्राकृतिक विपद्का रूपमा मात्रै बुझ्नु पर्याप्त नहुने रहेछ भन्ने मैले त्यही गएर थाहा पाएँ । यो त्रासदीको कथा नदी, बस्ती, सडक, विकास र मानव उद्विकाससँग जोडिएको कथाको पछिल्लो शृङ्खला हो । नदीले हामीलाई जीवन दिइरहँदा हामीले नदीको स्वभाव र सीमालाई पो बिर्सियौं कि ? नदी किनारमै बस्ती र बजार विस्तार गर्ने हाम्रो निर्णयले विकाससँगै जोखिम पनि निम्त्यायो कि ? भोटेकोशीको प्रलयले यिनै प्रश्नलाई झनै मुखर रूपमा सतहमा ल्याइदिएको छ । प्रकृतिको असामान्य प्रहार मात्र होइन, नदीको किनारमा बस्ती बसाउने हाम्रो अभ्यास, विकासको शैली र जोखिमप्रतिको बेवास्ताबारे पनि अब गम्भीर समीक्षा गर्नुपर्ने देखिएको छ ।

त्रिशूली किनारमा बजार कसरी बस्यो ?

आज त्रिशूली र आसपासका बजार हेर्दा त्यहाँ कहिल्यै बस्ती थिएन भन्ने कल्पना गर्न कठिन हुन्छ । तर स्थानीय बुढापाकाका भनाइअनुसार, त्रिशूली नदी आसपासको भू-भाग कुनै समय खेतीयोग्य फाँट र पर्ती जमिनका रूपमा थियो । नदीको किनारमा अहिले देखिने घना बस्ती त्यतिबेलासम्म विस्तार भइसकेको थिएन ।

नेपालले भारत सरकारसँग २०१६ सालमा त्रिशूली जलविद्युत् आयोजना निर्माणका लागि सम्झौता गऱ्यो । २०१७ सालबाट आयोजना निर्माणको काम अघि बढ्यो र २०२३ सालमा आयोजना सम्पन्न भयो । २१ मेगावाट क्षमताको यो आयोजना विद्युत् उत्पादन गर्ने परियोजना मात्र रहेन । यसले त्यस क्षेत्रको भूगोल र सामाजिक जीवनमै परिवर्तनका नयाँ धर्साहरू कोरिदियो ।

जलविद्युत् आयोजनाका लागि सामग्री ओसार्न काठमाडौं-त्रिशूली सडक निर्माण हुन थाल्यो । त्यसका लागि सडक आयो । सडकसँगै मजदुर आए । कर्मचारी आए । बिस्तारै व्यापारिक गतिविधि पनि बढ्यो । सुरुमा मजदुर र कर्मचारीलाई लक्षित गरेर खोलिएका चिया र किराना पसलहरू विस्तार हुँदै गए । बिस्तारै ती पसल वरपर घर बन्न थाले । घरसँगै बजार विस्तार भयो । बजारसँगै मानिसको चहल-पहल बढ्यो ।

त्रिशूली बजार, ढुङ्गे बजार, देवीघाट बजार र नदी आसपासका बस्तीहरू यसरी झन्-झन् विस्तार हुँदै गए । स्थानीयका अनुसार नुवाकोटमा पहिलो पटक विसं. २०३५ सालतिर नापी सुरु भयो र ०३६ सालमा सम्पन्न भयो । त्यसपछि नदीको छेउसम्म नम्बरी जग्गा कायम भए । जग्गाधनी पुर्जा पाएपछि मानिसका लागि त्यो ठाउँ बसोबासको स्थायी आधार बन्यो । नदी छेउमा सडक विस्तार हुन थाले । सडकसँगै बजार बस्यो । बजारसँगै घरहरू थपिए । विकासले मानिसलाई नदीको झनै नजिक पुऱ्याउँदै गयो । तर नदी भने आफ्नै ठाउँमा थियो ।

नदीले आफूलाई खुम्च्याउन चाहेन

बस्ती विस्तार हुँदै जाँदा नदीको प्राकृतिक बहाव क्षेत्र क्रमशः साँघुरिँदै गयो । नदीको मापदण्ड, बस्ती विस्तार र सडक निर्माणबिच आवश्यक दूरी कायम हुन नसक्नुमा अहिलेको विनाशको एउटा महत्त्वपूर्ण पक्ष झल्किन्छ । नदीले दिएको जमिनमा मानिसले घर बनाए । नदीले दिएको बाटोमा सडक बन्यो । नदीकै किनारमा बजार विस्तार भयो । लामो समयसम्म नदी शान्त रह्यो । तर नदीको स्मृति मानिसको भन्दा लामो हुन्छ । कहिलेकाहीं नदीले आफ्नो पुरानो बाटो सम्झन्छ । भदौ १० गते भोटेकोशीले त्यही सम्झना गराएको जस्तो ठान्छन् स्थानीय गाउँले ऋषिराम पौड्याल । बाढी आउनुअघि स्थानीय प्रशासनबाट सम्भावित जोखिमबारे माइकिङ गरेर जानकारी गराइयो । तर यति ठुलो बाढी आउँछ भन्नेमा धेरैले विश्वास नै गर्न सकेनन् । प्राकृतिक जोखिमलाई हामी प्रायः विगतको अनुभवबाट मापन गर्छौं । हिजो नदी यति मात्र बढेको थियो भने आज पनि त्यति नै बढ्ला भन्ने अनुमानले पनि मानवीय क्षतिलाई बढाई दिएको हो कि भन्ने देखिन्छ । नेपाल भूकम्पीय जोखिमका दृष्टिकोणले ११औं र बाढी-पहिरोजस्ता विपद्को जोखिमका आधारमा १६औं स्थानमा पर्छ ।

जलवायु परिवर्तनसँगै हिमाली क्षेत्रमा देखिन थालेका असामान्य घटनाले जोखिमलाई झनै जटिल मोड दिँदै गइरहेको छ । ०८२ सालको असार महिनामा भोटेकोशीमा आएको बाढीलाई पर्याप्त गम्भीरतापूर्वक नलिनु पनि अहिलेको घटनाबाट सिक्नुपर्ने पाठ हो । जोखिमको सूचना पुग्नु मात्र पर्याप्त हुँदैन । त्यसलाई मानिसले विश्वास गर्न सक्ने गरी बुझाउनु, जोखिम क्षेत्र पहिचान गर्नु र आवश्यक पर्दा समयमै सुरक्षित स्थानमा सार्ने प्रणाली पनि उत्तिकै आवश्यक रहेको देखियो ।

एउटै नदी, फरक नाम

ल्हेन्देबाट सुरु भएको जलप्रवाह भोटेकोशी बन्छ । क्रमशः तल्लो भूभागमा आउँदा त्रिशूली हुँदै नारायणी र त्यसपछि गण्डक हुँदै त्यही नदी गङ्गासम्म पुग्छ । नाम बदलिन्छ, पानीको यात्रा बदलिन्छ, तर नदीको जीवन एउटै हुन्छ । यही नदीले हिमालदेखि तराईको समथर भू-भागसम्मका मानिसलाई पानी दिएको छ । खेती दिएको छ । ऊर्जा दिएको छ । व्यापार दिएको छ । बाटो दिएको छ । बस्ती बसाएको छ । नदी पानी मात्र होइन, मानव सभ्यता पनि हो । तर भदौ १० गते यही जीवनदायिनी जलप्रवाहले विनाशको रूप लियो । हजारौं नेपाली, चिनियाँ र भारतीय नागरिकको जीवनसँग जोडिएको भूभाग एकाएक शोकको भूगोलमा परिणत भयो । कोही हराए, कोही बगे, कोही घरबारविहीन भए । नदीको बहावसँगै कति मानिस कहाँ पुगे भन्ने अनुमान गर्नसमेत कठिन भयो । कसैको घर नदीको किनारमा थियो । कसैको पसल । कसैको रोजगारी । कसैको बाल्यकाल । कसैको पुस्तौनी इतिहास । नदीले यी सबैलाई एकैपटक आफ्नो बहावमा मिसाइदियो ।

त्रिशूली किनारको अर्को इतिहास

नुवाकोटको देवीघाट-त्रिशूली-बट्टार क्षेत्रमा रहेको मुस्लिम समुदायको इतिहास पनि यही भूगोलसँग जोडिएको छ । स्थानीय रूपमा यो समुदायको दुई सय ७० वर्ष लामो इतिहास रहेको मानिन्छ । पृथ्वीनारायण शाहको समयसँगै गोरखा हुँदै उनीहरू यस क्षेत्रमा आएको मान्यता छ । समयसँगै उनीहरू यही भूगोलमा बसोबास गर्दै आए । जिविकाको लागि व्यवसाय शुरु गरे । आश्रयका लागि घर बनाए । हुँदै जाँदा समयक्रममा उनीहरूको समुदाय पनि विस्तार हुन थाल्यो । त्यहाँ उनीहरूको दरगाह थियो ।

पुस्तौं-पुस्ताको स्मृति थियो । तर भदौ १० गतेको बाढीले त्यस क्षेत्रलाई पनि अकल्पनीय क्षति पुऱ्यायो । अहिले त्यहाँ मुस्लिम समुदायको सबै भन्दा पुरानो मध्येको एक मस्जिदको समेत नामोनिसान बाँकी छैन । प्रकृतिले धर्म, जात, भाषा वा समुदाय छुट्याउँदैन । नदीले कसैको इतिहास जाँच्दैन । उसले केवल आफ्नो मार्ग बनाउँछ ।

प्रलयपछि उठेका गम्भीर प्रश्न

बाढी प्रभावित नुवाकोटमा स्तम्भकारले तीन दिन बिताउँदा यो सामान्य विपद्को समय होइन भन्ने चाल पाउन कुनै इतिहासका पाना फर्काइरहनु नपर्ने भयो । अन्यत्र भएका बाढी, भूकम्प वा कोभिड महामारीसँग तुलना गरेर भोटेकोशीको यो विनाशको गहिराइ र विशिष्टता बुझ्न सकिँदैन । हरेक विपद्को आफ्नै भूगोल हुन्छ । आफ्नै जनसङ्ख्या हुन्छ । आफ्नै मौसम हुन्छ । आफ्नै जोखिम हुन्छ । त्यसैले प्रभावित क्षेत्रको वास्तविकता नबुझी बाहिर बसेर अनुमानका आधारमा धारणा बनाउनु उचित हुँदैन । यो ठुलो प्रकोप हो । हाम्रो जीवनकालमा देखिएको असाधारण विनाशमध्ये एक हो । तर यसलाई महाप्रलय भनेर सबै कुरा राज्यको क्षमताबाहिरको घटनाजस्तो चित्रण गर्नु पनि यथार्थपरक हुँदैन ।

उद्धार गर्नुपर्ने मानिसको सङ्ख्या सीमित हुँदै गएको अवस्थामा राज्यले उपलब्ध स्रोत-साधन परिचालन गरेको देखिन्छ । तर केही स्थानमा भौगोलिक र प्राविधिक कठिनाइले उद्धारलाई असहज जस्तै बनाइदिएको पनि यथार्थ हो । भदौ १९ गते सञ्जय साह र कबिर महर्जनलाई जीवित उद्धार गरेको छ । हाम्रो सामु भारत, चिलीलगायतका देशमा लामो समयपछि जीवित उद्धार गरेको इतिहास साक्षी छ । अबको प्राथमिकता खोजी, पहिचान, राहत, पुनः स्थापना र प्रभावित परिवारलाई राज्यको अनुभूति गराउनु हो ।

स्थानीय तह आफैं शोकमा

विपद् आएपछि सबैभन्दा पहिले घटनास्थलमा पुग्ने स्थानीय सरकार नै हुन् । तर यस पटक स्थानीय तहहरू स्वयं यसको मारमा परेका छन् । नागरिक प्रभावित छन् । पूर्वाधार ध्वस्त भएका छन् । आफ्नै कार्यालय र कर्मचारीमाथि पनि मानसिक दबाब छ । यस्तो अवस्थामा स्थानीय तहले सकेको गरिरहेका छन् ।

तर विपद् व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको काँधमा राखेर मात्रै पुग्दैन । तीन तहको सरकारको समन्वयको अभाव छ । त्यसको प्रत्यक्ष मारमा स्थानीय सरकार छ । केन्द्र सरकारले स्थानीय सरकारको भूमिका नजरअन्दाज गरिरहेको अवस्था छ ।

स्थानीय तहलाई स्रोत, प्राविधिक जनशक्ति, उपकरण र पूर्वतयारी प्रणालीको आवश्यक छ । विपद् आएपछि मात्र सक्रिय हुने होइन, विपद् आउनुअघि नै जोखिम पहिचान गर्ने राज्य संयन्त्र आवश्यक छ ।

अब राहतभन्दा पुनः निर्माणको प्रश्न

प्रभावित क्षेत्रमा राहत सामग्रीको आपूर्ति पर्याप्त मात्रामा पुगिसकेको देखिन्छ । देशभरबाट नागरिकले देखाएको मानवीय भावना प्रशंसनीय छ । सङ्कटमा अर्को नेपालीको घरमा पुग्न खोज्ने यो संवेदना नेपालको ठुलो शक्ति पनि हो । तर अब राहत सङ्कलनको स्वरूप परिवर्तन गर्नुपर्ने समय आएको छ ।

रसुवाको दुर्गम क्षेत्रका सबै ठाउँमा राहत अझै पुग्न सकेको छैन । आवश्यकताभन्दा बढी एउटै खाले सामग्री जम्मा गरेर गोदाममा थुपार्नु पनि व्यवस्थित राहत सङ्कलन होइन । अहिलेको प्राथमिकता वास्तविक आवश्यकता पहिचान गरी लक्षित समुदायसम्म सहयोग पुऱ्याउनु हो ।

राहत कोषमा आर्थिक योगदान जारी रहन सक्छ । तर आवश्यकताभन्दा धेरै सामग्री सङ्कलन गर्ने होड रोक्नु उपयुक्त देखिन्छ । किनकि विपद् सकिएको छैन । अब पुनः स्थापना र पुनः निर्माणको चरणको सुरु गर्नुपर्छ । घर गुमाएका परिवार कहाँ बस्ने ? बालबालिकाको पढाइ कसरी अघि बढाउने ? रोजगारी गुमाएकालाई कसरी उभ्याउने ? नदी किनारका बस्ती अब कहाँ बसाउने ? ध्वस्त सडक र पुल कसरी पुनः निर्माण गर्ने ? यी प्रश्नको उत्तर राहतका केही बोरा र केही त्रिपालले दिन सक्तैन ।

सरकारभन्दा ठुलो राज्य र बलिया छिमेकी

यस्तो सङ्कटको समयमा सरकार महत्त्वपूर्ण माध्यम हो । नागरिकप्रति सरकारको मात्रै होइन सिङ्गो राज्यकै व्यवहार सहयोगी र संवेदनशील हुनुपर्छ । विपक्षी दल र राजनीतिक शक्तिहरूलाई पनि यो समयमा सँगै लिएर अघि बढ्नु राज्य र सरकारको कर्तव्य हो । किनभने यो सङ्कट सिङ्गो नेपाल राज्यको सङ्कट हो ।

विपद्को समयमा छिमेकीको सहयोगले ठुलो अर्थ राख्छ । नेपालका लागि भारत र चीन दुवै महत्त्वपूर्ण छिमेकी राष्ट्र हुन् । यस्तो सङ्कटमा प्राप्त हुने सहयोगलाई अनावश्यक आरोप-प्रत्यारोपको विषय बनाउनु हुँदैन । छिमेकी राष्ट्रको सहयोग पनि सहानीय छ ।

नदीले दिएको जीवन र नदीले लिएको जीवन

त्रिशूली जलविद्युत् आयोजना निर्माण भयो । सडक आयो । रोजगारी आयो । व्यापार आयो । बजार बस्यो । हजारौं मानिसले आफ्नो भविष्य यही नदी र यही भूगोलमा देखे । नदीले जीवन दियो । तर त्यही नदीले भदौ १० गते जीवन खोस्यो । यसमा नदीको दोष मात्र छैन । नदीसँग सहअस्तित्वमा बस्ने हाम्रो क्षमता कति कमजोर भयो भन्ने प्रश्न पनि छ ।

हामीले नदीलाई विकासको स्रोतका रूपमा मात्र हेर्‍यौं । जोखिमको स्रोतका रूपमा हेरेनौं । अब पुरातन दृष्टिलाई बदलेर नयाँ दृष्टिकोणबाट यसलाई हेर्नुपर्ने भएको छ । नदी किनारका सबै बस्ती हटाउन सम्भव नहोला । विकास रोक्न पनि सम्भव नहोला । तर विकास र नदीबिचको दूरी, बस्तीको सुरक्षा, नदीको बहाव क्षेत्र, जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणालीबारे अब कठोर निर्णय लिनु पर्ने समय आएको छ ।

भोटेकोशीको पानी बिस्तारै घट्ला । नदी फेरि आफ्नै लयमा फर्किएला । बजारहरू फेरि उठ्लान् । सडकहरू फेरि बन्लान् । मानिसहरू पनि बिस्तारै आफ्नो जीवनमा फर्किन खोज्लान् । तर भदौ १० गतेको सम्झना त्यति सजिलै मेटिने छैन ।

ल्हेन्देबाट सुरु भएको जलप्रवाह भोटेकोशी हुँदै त्रिशूलीमा आइपुग्छ र नारायणी हुँदै गङ्गामा मिसिन्छ । हिमालदेखि तराईसम्म जीवन बोकेर जाने यही जलप्रवाह कहिलेकाहीं मृत्युको सन्देश बोकेर पनि आउँछ । नदीले हामीलाई जीवन दिएको छ । अब हाम्रो जिम्मेवारी नदीलाई पनि जीवन दिनका लागि प्रयत्न गर्नुपर्नेछ ।

भोटेकोशीको बाढीले घरहरू मात्र बगाएको छैन । यसले हाम्रो विकासको सोच, बस्ती बसाउने शैली र विपद् बुझ्ने तरिकालाई पनि पुनर्परिभाषित गर्न सिकाएको छ ।

नयाँ विपद्‌ले पुराना पीडित ओझेलमा

काँक्रेविहार संवाददाता
जाजरकोट, २१ भदौ



रसुवामा आएको बाढीपहिरोपछि सरकारको ध्यान नयाँ विपद्‌तर्फ केन्द्रित हुँदा जाजरकोटका भूकम्पपीडितले आफ्नो पुनर्निर्माणको काम ओझेलमा पर्ने हो कि भन्ने चिन्ता व्यक्त गरेका छन् । उनीहरूले रसुवा बाढीपहिरो प्रभावितको उद्धार, राहत तथा पुनर्निर्माणसँगै जाजरकोटका भूकम्पपीडितको आवास पुनर्निर्माणलाई पनि समान प्राथमिकतामा राखेर अघि बढाउन सरकारसँग आग्रह गरेका छन् ।

विपद् जहाँ भए पनि पीडा समान हुने भन्दै घरबास गुमाएका परिवारलाई राज्यले समान रूपमा सहयोग गर्नुपर्ने उनीहरूको माग छ । वि.सं. २०८० कात्तिक १७ गते गएको भूकम्पबाट क्षतिग्रस्त घरमध्ये अधिकांश अझै पुनर्निर्माण हुन सकेका छैनन् ।

अधिकांश पीडित टिनका अस्थायी टहरामा बस्दै आएका छन् भने सयौँ परिवार टेन्ट तथा जोखिमपूर्ण अस्थायी आवासमा बस्न बाध्य छन् । वर्षायाम जारी रहेकाले अस्थायी आवासमा बस्ने परिवारको समस्या झनै बढेको छ । चिसो, सर्पको जोखिम तथा बालबालिकामा देखिने स्वास्थ्य समस्याले उनीहरूको दैनिकी कष्टकर बनेको पीडितहरू बताउँछन् ।

भूकम्पपछि निर्माण गरिएका केही अस्थायी टहरासमेत गत साउन ३० गते आएको बाढीपहिरोमा पुरिएका छन् । टहरा क्षतिग्रस्त भएपछि कतिपय परिवार अहिले टेन्टको सहारामा बसिरहेका छन् । वर्षा जारी रहेकाले टेन्टमुनिको बसाइ थप जोखिमपूर्ण बन्दै गएको उनीहरूको भनाइ छ ।

भेरी नगरपालिका एकका पूर्णबहादुर रावतले भूकम्पमा परिवारका चार सदस्य गुमाएका थिए । उनले सरकारको ध्यान रसुवातर्फ केन्द्रित भएपछि आफ्नो घर पुनर्निर्माण हुनेमा चिन्ता बढेको बताए ।

“सरकारको सबै ध्यान उतैतिर गएपछि हाम्रो घर बन्ने हो कि होइन भन्ने चिन्ता लाग्न थालेको छ,” उनले भने । भदौ सात गते राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोलीले प्रभावित क्षेत्रमा पुगेर पुनर्निर्माणबारे जानकारी दिएको थियो ।

सोही क्रममा रावतगाउँमा चन्द्र कामीको घर पुनर्निर्माणको सुरुआतसमेत गरिएको थियो । पीडितहरूले नयाँ विपद्‌का कारण पुराना पीडित ओझेलमा नपर्ने गरी जाजरकोटको पुनर्निर्माणलाई निरन्तरता दिन सरकारसँग आग्रह गरेका छन् ।

काठेपुलको भरमा नाम्खाबासी

काँक्रेविहार संवाददाता
हुम्ला, २१ भदौ



हिमालपारिको नाम्खा गाउँपालिका-लिमीको तिलगाउँका स्थानीयवासी बाढीले पुल बगाएपछि जोखिमपूर्ण काठेपुलबाट खोला तर्न बाध्य भएका छन् ।

गत असार पाँच गते तिलखोलामा हिमताल चुहिएर आएको बाढीले स्थानीयले जनश्रमदानबाट निर्माण गरेको पुल बगाएपछि गाउँलेको आवतजावतमा समस्या भएको हो ।

तत्काल अर्को विकल्प नभएपछि स्थानीयले दुईवटा काठ जोडेर अस्थायी पुल बनाएका छन् । खोलामा पानीको बहाव बढेका बेला काठको साँघुरो लप्कोबाट वारपार गर्न निकै जोखिम हुने स्थानीय बताउँछन् ।

स्थानीय छिरिङ लामाका अनुसार यही काठेपुल हुँदै तिलगाउँबाट लिमीकै हल्जी, जाङ, तुम्लिङ, ताक्ची, लाप्चा तथा सिमकोटतर्फ आवतजावत गर्नुपर्ने बाध्यता छ ।

काठेपुल निकै जोखिमपूर्ण छ । खोला तर्न डराउने मानिसले एक्लै पार गर्न सक्दैन उनले भने । अर्की स्थानीय जाङ्मु लामाले दुई-तीन जना मिलेर मात्र खोला पार गर्नुपर्ने अवस्था रहेको बताए । उनका अनुसार काठेपुल तर्दा एकअर्काको हात समात्नुका साथै शरीरमा डोरी बाँधेर सावधानीपूर्वक वारपार गर्नुपर्ने हुन्छ ।

वडाध्यक्ष पाल्जोर तामाङले तिलगाउँ बाढीको उच्च जोखिममा रहेको बताए । हिमताल फुटेर आउने बाढीले गाउँ र आवतजावतको मार्ग दुवै जोखिममा परेकाले बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सरकारसँग आग्रह गरिएको उनले बताए ।

यसअघि तिलखोलामा निर्माण गरिएको ट्रस ब्रिजसमेत बाढीले बगाएको थियो । त्यसपछि स्थानीयले जनश्रमदानमा बनाएको अस्थायी पुल पनि गत असारको बाढीले बगाएपछि गाउँले काठको अस्थायी पुलको भरमा आवतजावत गरिरहेका छन् ।

स्थानीयले दीर्घकालीन रूपमा सुरक्षित पुल निर्माण तथा बस्ती संरक्षणका लागि तत्काल सरकारी पहल आवश्यक रहेको बताएका छन् ।

कुशको...

प्रक्रिया पनि अघि बढाइएको छ ।नेपाल विद्युत् प्राधिकरणले आफ्ना आयोजनामा कार्यरत बेपत्ता कर्मचारीको पहिचानका लागि नजिकका रक्तसम्बन्धी आफन्तबाट डीएनए नमुना संकलन थालेको छ । रसुवामा भेटिएका तर पहिचान खुल्न नसकेका शव तथा शरीरका अंगको पहिचानका लागि पनि प्रहरीले नजिकका आफन्तबाट डीएनए नमुना मागेको छ । भोटेकोशी बाढीले रसुवामा ठूलो मानवीय र भौतिक क्षति पुऱ्याएको छ । आईतबार मध्यान्हसम्म एक हजार ३ सय ४१ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

१३ हजार १ सय ४ को उद्धार भएको छ भने अँझै ४ हजार ९ सय ९६ जना सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ । प्रारम्भिक विवरणअनुसार सरकारी तथा सार्वजनिक २८ भवन, आठ सामुदायिक र तीन निजी विद्यालय, १४ बैंक तथा वित्तीय संस्था, एउटा पेट्रोल पम्प र करिब १ हजार ५०० निजी घरमा क्षति पुगेको छ । ४१ किलोमिटर सडक र आठ जलविद्युत् आयोजना पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् ।

१३ सय ४१ शव भेटिँदा ९८ जनाको मात्रै सनाखत



काँक्रेविहार संवाददाता
काठमाडौं, २१ भदौ

रसुवाको भोटेकोशी नदीमा बाढी गएको १२ दिन बितिसक्दा समेत खोजी तथा उद्धार कार्य जारी छ । सरकारका अनुसार राहत र उद्धारमा एकद्वार प्रणाली लागू गरेर खोजीको कामलाई तीव्रता दिइएको छ ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरणका अनुसार हालसम्ममा १३४१ जनाको शव फेला परेको छ । हालसम्म उद्धार गरिएको सङ्ख्या १३,१०४ जना रहेको छ। सम्पर्कविहीन रहेको सङ्ख्या ४९१६ छ ।

हालसम्ममा ९८ वटा शव मात्रै सनाखत भएका छन् । धेरैजना व्यक्तिहरू हराइरहेकाले हराएका व्यक्तिको सङ्ख्या तलमाथि हुने आँकलन गरिएको छ । १३४१ शव फेला पर्दा ९८ जनाको मात्रै सनाखत भएर आफन्तले बुझिलिएका छन् ।

धानबालीमा किराको प्रकोप, पाँच सय रोपनी प्रभावित



काँक्रेविहार संवाददाता
सल्यान, २१ भदौ

जिल्लाको कालीमाटी गाउँपालिकाका वडा नं. चार र पाँचमा धानबालीमा ब्राउनहोपर र लिपमाइनर किराको प्रकोप फैलिँदा पाँच सयभन्दा बढी रोपनी क्षेत्रफल प्रभावित भएको छ ।

किराको प्रकोपबाट दुई सयभन्दा बढी किसान प्रभावित भएका छन् । कालीमाटी चारको बालुवा तथा वडा नं. पाँचका दम्दवाली, हात्तीदमार र जुमखोलाका धानखेतमा किराको प्रकोप देखिएको कृषि प्राविधिकहरूले बताएका छन् ।

किराले धानका पात पहेँलिँदै गएपछि उत्पादन घट्ने चिन्तामा किसान छन् । दम्दवालीकी बसन्ती फौजाले किराको प्रकोपका कारण यस वर्ष धान उत्पादन घट्ने चिन्ता रहेको बताए । उनका अनुसार ११ रोपनी खेतबाट सामान्य अवस्थामा ५० मुरीभन्दा बढी धान उत्पादन हुने गरेको थियो । त्यही उत्पादनले परिवारलाई वर्षभरि खान पुग्नुका साथै केही धान बिक्रीसमेत गर्ने गरिएको उनले बताए ।

किसान पवित्रा सुनारका अनुसार विषादी प्रयोग गर्दा खपटे, गबारो र पातबेरुवा किरा नियन्त्रणमा आए पनि ब्राउनहोपर र लिपमाइनरको प्रकोप भने कायमै छ । धानबालीमा क्षति बढेपछि कृषि विकास कार्यालय सल्यान र कृषि प्रयोगशाला सुर्खेतको टोलीले प्रभावित क्षेत्रको अनुगमन गरी किसानलाई विषादी उपलब्ध गराएको उनले बताए ।

कालीमाटी गाउँपालिकाका कृषि प्राविधिक गंगाराम बुढाथोकीका अनुसार दुई वडामा पाँच सयभन्दा बढी रोपनी धानबालीमा किराको असर देखिएको छ ।

जनहितमा जारी सन्देश

“स्वस्थ नागरिक, समृद्ध कर्णाली”

कर्णाली प्रदेशका नागरिकलाई गुणस्तरीय, सहज, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा महाशाखाले स्वास्थ्यसम्बन्धी नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहमा समन्वय र सहजीकरण गर्दै आएको छ ।

- स्वास्थ्य सेवा महाशाखाका प्रमुख कार्यहरू
- प्रदेशस्तरमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजीकरण ।
- प्रदेशका अस्पताल तथा स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि समन्वय ।
- आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तारमा पहल ।
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको सुधार तथा प्रवर्द्धन ।
- बाल स्वास्थ्य, पोषण तथा खोप कार्यक्रमलाई प्रभावकारी बनाउन सहजीकरण ।
- सरुवा तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनमा समन्वय ।
- स्वास्थ्य संस्थाको सेवा क्षमता तथा गुणस्तर अभिवृद्धिमा सहयोग ।
- स्वास्थ्यकर्मीको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरणमा सहजीकरण ।
- आकस्मिक तथा विपद्‌का समयमा स्वास्थ्य सेवा व्यवस्थापनमा समन्वय ।
- स्वास्थ्यसम्बन्धी जनचेतना तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा सहयोग ।
- औषधि तथा आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता र व्यवस्थापनमा समन्वय ।
- दुर्गम तथा स्वास्थ्य सेवाको पहुँच कम भएका क्षेत्रमा स्वास्थ्य सेवा विस्तारमा प्राथमिकता ।
- प्रदेश मातहतका स्वास्थ्य संस्था तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन र सुधारमा पहल ।
- स्थानीय तह तथा संघीय निकायसँग स्वास्थ्यसम्बन्धी कार्यक्रम कार्यान्वयनमा समन्वय ।
- स्वास्थ्य क्षेत्रमा उपलब्ध स्रोत-साधनको प्रभावकारी र पारदर्शी उपयोगमा जोड ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
वीरेन्द्रनगर सुर्खेत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

हर्रेमा विषादी परीक्षण प्रयोगशाला सञ्चालनमा



काँक्रेविहार संवाददाता
सुर्खेत, २१ भदौ

कर्णाली प्रदेशमा भित्रिने कृषि उपजमा विषादीको अवशेष परीक्षण गर्न सुर्खेतको हर्रेमा द्रुत विषादी अवशेष विश्लेषण प्रयोगशाला सञ्चालनमा ल्याइएको छ।

प्रदेश सरकारले प्रयोगशालालाई हाल 'पाइलट प्रोजेक्ट'का रूपमा सञ्चालन गरेको हो। विषादी परीक्षण प्रयोगशाला सुर्खेतका प्रमुख परशुराम रावतका अनुसार अहिले आयात-निर्यात हुने तरकारी, बजारमा बिक्रीका लागि राखिएका कृषि उपज तथा किसानका खेतबारीबाट ल्याइएका नमुनाको परीक्षण भइरहेको छ।

उनका अनुसार प्रारम्भिक चरणको परीक्षण करिब दुई महिनासम्म सञ्चालन हुनेछ। सो अवधिमा प्राप्त नतिजाको अध्ययन तथा उपकरणको परीक्षणपछि नियमित रूपमा विषादी परीक्षण गरी रिपोर्ट सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

कर्णालीमा यसअघि एकीकृत कृषि प्रयोगशाला अन्तर्गत बीउबिजन, माटो तथा बाली संरक्षणसम्बन्धी परीक्षण हुँदै आएको छ। प्रदेश सरकारले सुर्खेतको हर्रेसँगै सल्यानको कपुरकोटमा समेत विषादी परीक्षण प्रयोगशाला सञ्चालन गर्ने तयारी गरेको छ।

प्रयोगशाला सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कामसमेत भइरहेको छ। स्वीकृत १८ दरबन्दीमध्ये हाल १४ जना स्थायी कर्मचारी कार्यरत छन् भने चार पद रिक्त छन्। कार्यरत कर्मचारीमध्ये आठ जना प्राविधिक छन्। थप प्राविधिक जनशक्ति आवश्यक रहेको प्रदेश सरकारले जनाएको छ। हर्रे र कपुरकोटमा सञ्चालन हुने विषादी परीक्षण प्रयोगशाला एकीकृत कृषि प्रयोगशालाअन्तर्गत रहनेछन्।

उपकरणको मापन, प्रयोगशाला व्यवस्थापन तथा भौगोलिक अवस्थाको अध्ययनका आधारमा पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारी गरिएको छ।

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७४ र ७५ देखि नै कर्णालीलाई 'अर्गानिक प्रदेश' बनाउने योजना अघि बढाउँदै आएको छ।

प्रदेश सरकार गठन भएपछि मन्त्रिपरिषद्को पहिलो बैठकले समेत कर्णालीलाई अर्गानिक प्रदेश बनाउने निर्णय गरेको थियो।

कृषिमा रासायनिक विषादीको प्रयोग न्यूनीकरण तथा बाहिरबाट भित्रिने विषादीयुक्त तरकारी र फलफूल नियन्त्रण गर्ने उद्देश्यले प्रदेश सरकारले नीतिगत व्यवस्था गर्दै आएको छ। यसका लागि विषादीको प्रयोग न्यूनीकरणसम्बन्धी ऐनसमेत निर्माण गरिएको छ।

हर्रेमा प्रयोगशाला सञ्चालनमा आएसँगै कर्णालीमा भित्रिने कृषि उपजको विषादी परीक्षण प्रभावकारी हुने र अर्गानिक प्रदेश बनाउने अभियानमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कतै...

विवरणअनुसार बाढीपछि कर्णालीका २४८ जना सम्पर्कविहीन रहेकोमा ७८ जना सम्पर्कमा आएका छन्। दुई जनाको मृत्यु पुष्टि भइसकेको छ भने अझै १६८ जना सम्पर्कविहीन छन्। सम्पर्कविहीन हुनेमा सबैभन्दा धेरै जुम्लाका ६३ जना छन्। सल्यानका ५१, सुर्खेतका १५, मुगुका ११, रुकुम पश्चिमका सात, हुम्लाका छ, कालीकोटका छ, दैलेखका पाँच, जाजरकोटका दुई र डोल्पाका दुई जना अझै सम्पर्कमा आएका छैनन्। कालीकोटका २२ वर्षीय लक्ष्मण परियार व्यापारका लागि भोटेकोशी क्षेत्रमा पुगेका थिए। पलाता गाउँपालिका-२ का परियार भदौ १० गते बिहान परिवारसँग सम्पर्कमा आएपछि सम्पर्कविहीन भएका हुन्। त्यस्तै खाँडाचक्र नगरपालिका-५ की सरिता मल्ल, टिमुरे स्वास्थ्य चौकीमा कार्यरत एएनएम, उनका तीन-चार महिनाका छोरा काव्यांश शाही र नन्द दुर्गा शाही पनि बाढीपछि बेपत्ता छन्।

हुम्लाको खार्पुनाथ गाउँपालिका-१ का ३० वर्षीय जनक बुढा र उनकी श्रीमती अनिता रावत पनि बाढीपछि सम्पर्कविहीन छन्। कामको सिलसिलामा टिमुरे पुगेका उनीहरुसँग बाढीपछि सम्पर्क हुन सकेको छैन। फोनसमेत बन्द भएपछि परिवार थप चिन्तामा छन्। डोल्पाको मुड्केचुला गाउँपालिका-१ का २८ वर्षीय लबि शाही पनि भोटेकोशी बाढीपछि बेपत्ता छन्। उनी त्रिशूली हाइड्रोपावर-३ डीमा काम गर्थे। कामका लागि रसुवा गएको तीन महिना मात्रै भएको थियो। लबिका दुई सन्तान छन्। बुवाको बाटो हेर्दै रहेका उनका साना छोराछोरी अहिले तस्बिर हेरेर बाबु फर्किने आशामा छन्। 'मेरो भाइलाई बाढीले लग्यो कि कतै उद्धारको आशमा तट्टिएर बसेको छ, केही थाह नै छैन,' उनकी दिदी रीता शाही भन्छिन्, 'हाम्रा लागि यो समय निकै कठिन समय हो।'

बाढीले केरुङ अवरुद्ध बनेपछि चिनियाँ सामान कोरला नाकाबाट नेपाल भित्रिँदै



काँक्रेविहार संवाददाता
काठमाडौं, २१ भदौ

भोटेकोसी नदीमा गएको बाढीसँगै सडक-पुललगायतका भौतिक संरचना ध्वस्त भएपछि मित्रराष्ट्र चीनको केरुङमा भण्डारण गरिएका व्यापारिक सामान कोरला नाकाबाट ल्याइने भएको छ।

हिमपहिरोसहित ल्हेन्दे खोला हुँदै भोटेकोसीमा गएको अकल्पनीय बाढीले रसुवागढीस्थित दुवैतर्फका सरकारी कार्यालयसहित सडकमार्ग बगाएपछि केरुङका गोदाममा रहेका ४ सय कन्टेनरभन्दा बढी सामान वैकल्पिक सडकमार्ग प्रयोग गरी ढुवानी गर्ने काम सुरु भइसकेको 'मुसा ट्रान्सपोर्ट'ले जनाएको छ।

सो ट्रान्सपोर्टका प्रबन्ध निर्देशक ज्याङ सेपिङका अनुसार भोटेकोसी नदीमा गएको बाढीले तहसनहस बगाएका रसुवागढीस्थित भौतिक संरचना र काठमाडौं जोड्ने सडकमार्ग तयार हुन समय लाग्ने देखिएपछि अब कोरला नाका प्रयोग गरी नेपालतर्फ सामन लैजाने काम धमाधम भइरहेको छ।

उनले भने, 'नेपालमा दसैंतिहारजस्ता ठूला चाडबाड सुरु हुन लागेको अवस्थामा छोटो सडकमार्ग प्रयोग गरी सामान ढुवानीको काम तीव्र रूपमा भइरहेको थियो। यसैबीच, सामन ढुवानीका क्रममा रसुवागढी-त्रिशूली सडकमार्गमा रहेका कैयौं 'कन्टेनर' बगी जनधनको क्षति व्यहोर्नुपऱ्यो। नेपाली व्यापारी तथा व्यवसायीले चिनियाँ उत्पादक कम्पनीका सामान नेपाल ल्याउने क्रममा सीमावर्ती क्षेत्रसम्म ढुवानी गर्ने जिम्मेवारी पूरागरी देशको सेवा गरिरहेको छु।'

मुस्लिम समुदायका आफ्ना बाउबाजे काठमाडौं-बागबजारबाट व्यापार-व्यवसायका सिलसिलामा तिब्बततर्फ आएको जानकारी दिँदै प्रबन्ध निर्देशक ज्याङले मुसा ट्रान्सपोर्टमार्फत हाल सिगात्से सहरमा रही नेपालको सीमा नाकासम्म सामान ढुवानीको कारोबार गर्दै आएको बताए।

नागरिकका लागि सन्देश

- वनमा जथाभावी आगो नलगाऔं, वन डढेलो नियन्त्रणमा सबै सहभागी बनौं।
- अवैध रूपमा वन फँडानी तथा वन पैदावारको चोरी-निकासी नगरौं।
- वृक्षरोपण गरौं, रोपिएका बिरुवाको संरक्षण गरौं।
- वन्यजन्तुलाई हानि नपुऱ्याऔं र उनीहरूको प्राकृतिक बासस्थान संरक्षण गरौं।
- वन क्षेत्रको संरक्षणलाई आफ्नो जिम्मेवारी सम्झौं।

हाम्रो प्रतिबद्धता

- वन, वन्यजन्तु, जैविक विविधता र वातावरणको संरक्षण गर्दै दिगो वन व्यवस्थापनमार्फत समृद्ध तथा हरियाली सुर्खेत निर्माणमा डिभिजन वन कार्यालय प्रतिबद्ध छ।

"वन जोगाऔं, वातावरण बचाऔं –
भावी पुस्ताको भविष्य सुरक्षित बनाऔं।"

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय
सुर्खेत





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५९१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)